# नेपाल राष्ट्र बैंक
## भुक्तानी प्रणाली विभाग
### आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमास अवधिमा भुक्तानी सम्बन्धी कार्य गर्ने अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्था तथा संस्थाका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई गरिएको कारबाहीको विवरण

| क्र.स. | संस्थाको नाम | आ.व. २०८१/८२ मा कारबाही गरिएको पटक | कारबाहीको प्रकार/कारबाहीको मिति | भुक्तानी तथा फर्स्यौट ऐन २०७५ अन्तर्गत गरिएको कारबाही | जरिवाना | अन्य कारवाही |
|---|---|---|---|---|---|---|
| १. | प्रभु टेक्नोलोजी प्रा.लि. | पहिलो | सचेत गराइएको २०८१/०६/०७ | भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८०, अ.प्रा.निर्देशन नं.१४/०८० बुँदा नं १(५)(३) बमोजिम संस्थाले मर्चेन्टलाई आबद्ध गर्दा व्यवसायको प्रोपराइटरको पहिचान तथा सम्पुष्टि गर्नुपर्ने तथा पहिचान गर्दा प्रोपाइटरको नाम, ठेगाना, सम्पर्क नं., नागरिकता वा राष्ट्रिय परिचयपत्र, PAN दर्ता (उपलब्ध भएमा) सम्बन्धी विवरण तथा सोको सम्पुष्टिको लागि कागजात लिनुपर्ने भन्ने व्यवस्था रहेकोमा निरीक्षण अवधिमा सो सम्बन्धी अनुपालना नभएको पाइएकोले अ.प्रा. निर्देशन नं. १४/०८० को बुँदा १०(२)(४)(क) बमोजिम सचेत गराइएको ।<br>भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन, २०८०, अ.प्रा.निर्देशन नं.१४/०८० बुँदा नं १(५)(७) मा मर्चेन्ट आबद्ध गर्दा लिइएका विवरण ग्राहक पहिचान विवरण अनुरुप कारोबार मेल नखाएको अवस्थामा, ग्राहक पहिचान विवरणमा उल्लिखित सूचना, जानकारी तथा तथ्याङ्क सत्यता वा पर्याप्त वा पर्याप्तताको बारेमा संस्थालाई शंका लागेको अवस्थामा, जोखिम मूल्याङ्कन गर्दा उच्च जोखिम देखिएमा मर्चेन्ट सम्बन्धी विवरण अद्यावधिक गर्नुपर्ने व्यवस्था अनुरुप नगरेकोले अ.प्रा. निर्देशन नं. १४/०८० को बुँदा १०(२)(२)(क) बमोजिम सचेत गराइएको । | | |

**नेपाल राष्ट्र बैंक**

**भुक्तानी प्रणाली विभाग**

**आर्थिक वर्ष २०८१/८२ को पहिलो त्रयमास अवधिमा भुक्तानी सम्बन्धी कार्य गर्ने अनुमतिपत्र प्राप्त भुक्तानी प्रणाली सञ्चालक/भुक्तानी सेवा प्रदायक संस्था तथा संस्थाका अध्यक्ष, सञ्चालक र प्रमुख कार्यकारी अधिकृतलाई गरिएको कारबाहीको विवरण**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | प्रभु टेक्नोलोजी प्रा.लि. | पहिलो | सचेत गराइएको २०८१/०६/०७ | संस्थाले ग्राहकको विस्तृत सूची तथा Agent को सूची निरीक्षण टोलिलाई उपलब्ध नगराएकोले सो सम्बन्धी विवरण प्राप्त नहुँदा संस्थाको पारदर्शिता तथा जवाफदेहितामा आँच आउने देखिएको । यसैगरी, भुक्तानी सेवा प्रदायकको सेवा प्रवाहका महत्वपूर्ण माध्यम Agent नै रहेको परिप्रेक्षमा एजेन्टको विवरण प्राप्त हुन नसक्दा एजेन्टको क्रियाकलापको विषयमा समेत जानकारी प्राप्त हुन नसकेको । ग्राहक र एजेन्ट सम्बन्धी विवरण AML/CFT को दृष्टिकोणबाट अत्यावश्यक रहेको हुँदा भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ३५(२)(क) बमोजिम यो ऐन, यस ऐन अन्तर्गगत बनेको विनियम वा बैंकले जारी गरेको निर्देशन वा आदेशबमोजिम बैंकले माग गरेका विवरण कागजात उपलब्ध नगराएकोले संस्थाको सञ्चालकलाई भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ को दफा ३५(२)(क) बमोजिम सचेत गराइएको । | | |